शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९/५/३१ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. शितगंगा नगरपालिकाका विभिन्न स्थानमा मतदान केन्द्र थप माग गर्ने सम्बन्धमा ।

२. आ.व.२०७८/०७९ को समिक्षा बैठक सम्बन्धमा ।

३. विभिन्न कार्यविधि सम्बन्धमा ।

४. आ.व. २०७९/०८० का योजना कार्यान्वय सम्बन्धमा ।

५. कृषि उपज संकलन केन्द्र सम्बन्धमा ।

६. आन्तरिक लेखापरिक्षणको लागि कोलेनिकामा माग गर्ने सम्बन्धमा ।

७. परामर्श सेवा सम्बन्धि विभिन्न कार्य गर्ने सम्बन्धमा ।

८. मदिरा ब्राण्डिङ्ग र होमस्टे संचालन सम्बन्धमा ।

९. लोकसेवा शिक्षक सेवा विशेष तयारी कक्षा संचालन सम्बन्धमा ।

१०. जेसिभि एक्साभेट मेशिनको पालिका स्तरीय दररेट निर्धारण सम्बन्धमा ।

११. पाकुरी, धर्मोदय र रिकोट मा.वि.मा लेखा सहायक कर्मचारी राख्न अनुमती सम्बन्धमा ।

१२. उद्योग अर्न्तगतको कार्यकम संचालन सम्बन्धमा ।

१३. निजी जग्गा सम्याउने अनुमती सम्बन्धमा ।

१४. तलवि प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

१५. आन्तरिक आय ठेक्का सम्झौता सम्बन्मा ।

१६. भुमी आयोग सम्बन्धमा ।

१७. कर्मचारी व्यवस्थापन र सुविधाको सम्बन्धमा अध्ययन गर्न गठन भएको समिति सम्बन्धमा ।

१८. आय फिर्ता सम्बन्धमा ।

१९. लिफ्टिङ्ग खानेपानीका मोटर मर्मत/खरिद सम्बन्धमा ।

२०. सिमलपानी प्रहरी चौकीको जग्गा पास गर्न मालपोत कार्यालयलाई सिफारिस गर्ने सम्बन्धमा ।

२१. दहको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।

२२. विभिन्न शाखाको रकम बाडफाड गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा भौगोलिक विकटता र दुर्गम वस्ती रहेको यस नगरपालिकामा देहाय बमोजिम मतदान केन्द्र थप गर्न सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

*तपशिल*

**(क) पहिलो प्राथमिकतामा मतदान केन्द्र हुनु पर्ने**

(१) शिनपा वडा नं. ९ को जनता आधारभुत विद्यालय नयाँवस्ती

(२) शिनपा वडा नं. ११ को लागि ताराज्योति आधारभुत विद्यालय दोबान्द्रा

**(ख) माथि उल्लेखित (१) र (२) मा मतदान केन्द्र थप भएपछी निम्न बमोजिमका स्थानमा मतदान केन्द्र थप हुन पर्ने**

(१) शिनपा वडा नं. ११ को धर्मोदय मा.वि.ढुङ्गेसेरा

(२) शिनपा वडा नं. ११ को दुम्सी आधारभुत विद्यालय दुम्सी

(३) शिनपा वडा नं. ९ को सिलिङ्गखोला क्षेत्र

(४) शिनपा वडा नं. ९ को सिद्धारा क्षेत्र

(५) शिनपा वडा नं. ९ हंसवाहिनी प्रा.वि.(कानाचौर)

(६) शिनपा वडा नं. ८ को बढिदमार क्षेत्र

(७) शिनपा वडा नं. १३ को मुसियान आ.वि.

(८) शिनपा वडा नं. १३ को जनज्योती आ.वि.

(९) शिनपा वडा नं. २ को जनप्रिय आ.वि. नेपाने

(१०) शिनपा वडा नं. २ को शान्ति आ.वि. घुम्ती

(११) शिनपा वडा नं. ८ को बालशिक्षा आ.वि. धोदरे

(१२) शिनपा वडा नं. १० को सामकोट आ.वि.

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट आ.व. २०७८/०७९ मा सम्पादित कार्यहरुको सन्दर्भमा मिति २०७९/६/२ गते वार्षिक प्रगति समिक्षा गोष्ठी आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको लागि आवश्यक पर्ने कार्यालयबाट पेश भएका कार्यविधिहरुको विषयमा सम्बन्धित विषयगत समिति र विधायन समितिमा पठाई समितिले अध्ययन गरी पेश गरेपश्चात आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०७९/०८० का योजनाहरु कार्यान्वयनका सन्दर्भमा गत विगतमा जस्तै रु १० लाख सम्मका योजनाहरु समिति मार्फत र सो भन्दा माथिका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने । साथै शिनपा १ को मुलबाटो लगायतका विभिन्न मो.वा. मर्मत भनि रु १५ लाख विनियोजन भएकोमा उक्त कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कृषि उपज संकलन केन्द्र स्थापन गर्ने सन्दर्भमा हाल सम्म कृषकहरुलाई उत्पादनमा आधारित अनुदान वितरण गर्दै आएकोमा चालु आ.व. देखि कसरी अनुदान दिने भन्ने सन्दर्भमा

अध्ययन गरी प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गरी र सो समितिले पेश गरेको प्रतिवेदनका आधारमा कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

*तपशिल*

संसोजक :- गीता भाट उप-प्रमुख

सदस्य :- चिन्तराज अधिकारी वडा अध्यक्ष वडा नं. ३

सदस्य :- दामोदर अधिकारी वडा अध्यक्ष वडा नं. ४

सदस्य :- गंगा थापा कार्यपालिका सदस्य

सदस्य :- गणेश बहादुर थापा पशु विकास अधिकृत

सदस्य :- अनिल कुमार शर्मा कृषि शाखा प्रमुख

सदस्य सचिव :- झविन्द्र खनाल प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा आन्तरिक लेखापरिक्षण गर्ने कर्मचारी नभएकोले गत आ.व.मा यस नगरपालिकाबाट भएको आर्थिक कारोवारको आन्तरिक लेखापरिक्षण गराउन कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कुन कुन कार्यको परामर्श सेवा मार्फत डिपिआर गर्ने भन्ने सम्बन्धमा थप अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा एघारौं नगरसभाको निर्णय तथा नीति अनुसार नगरपालिकामा विभिन्न किसिमका स्थानीय मदिराहरु उत्पादन भई स्थानीय बजारमा विकी भैरहेको अवस्थामा कुन मदिरालाई नगरपालिकाले ब्राण्डिङ्ग गरी विकी गर्न सक्छ भन्ने सम्बन्धमा र नगरसभाबाट तोकेको स्थानमा होमस्टे संचालनको लागि के कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न स्थानमा गई सो सम्बन्धमा भएगरेका कार्य र कानुनी विषयमा अध्ययन गरी चार महिना भित्र प्रतिवेदन पेश गर्न निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

*तपशिल*

संयोजक :- झविन्द्र खनाल प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- नगेन्द्र प्रसाद नेपाल अधिकृत

सदस्य :- नुमलाल खनाल अधिकृत

सदस्य :- अनिल कुमार शर्मा कृषि शाखा प्रखुख

सदस्य सचिव :- ओम प्रकाश पाण्डे नायव सुव्वा

सितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाका युवा/युवतीहरुलाई स्वरोजगार बनाउन लोकसेवा/शिक्षा सेवाका तयारी कक्षाहरु संचालन गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका भित्र विकास निर्माणको कार्यमा प्रयोग हुने जेसिवि, एक्साभेटर, ब्रेकर मेशिनहरुको पार्टपूर्जा तथा इन्धनको मुल्य बढेकोले पुरानो दरमा कार्य गर्न नसकिने भएकोले दर बृद्धि गरी पाउँ भनि निवेदन आएकाले मुल्य बृद्धि समेतलाई विचार गरी यस नगरपालिका भित्र विकास निर्माण लगायतको कार्यमा प्रयोग हुने मेशिनहरुको निम्न अनुसारको दर कायम गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) जे.सि.वी. प्रति घण्टा रु २७००।-

(ख) १४० हर्स पावर सम्मको एक्साभेटर प्रति घण्टा रु ४५००।-

(ग) १८० देखि २२० हर्स पावर सम्मको एक्साभेटर प्रति घण्टा रु ५०००।-

(घ) ब्रेकर प्रति घण्टा रु २०००।-

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा पाकुरी, धर्मोदय र रिकोट मा.वि.मा लेखा सहायक कर्मचारी राख्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा उद्योग तर्फको कार्यक्रमका सन्दर्भमा थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा शिनपा १३ भंगाला निवासी हिमलाल भुसालले आफ्नो निजी जग्गा सम्माउने सम्बन्धि दिएको निवेदनका सन्दर्भमा थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा घरेलु विकास समिति र स्थानीय निकायबाट समायोजन भई आएका स्थायी कर्मचारीहरुको पेश भएको तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा एघारौं नगरसभाबाट स्वीकृत आर्थिक ऐन बमोजिम चालु आ.व.को लागि यस नगरपालिका क्षेत्रबाट निकासी हुने कवाडी माल बस्तुको निकासी कर संकलन र यस नगर क्षेत्र भित्र उत्पादन भई नगर बाहिर निकासी हुने उत्पादित मालबस्तुको निकासी कर संकलनको लागि सूचना प्रकाशन अनुसारको ठेक्काको नियमानुसार सम्झौता गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा दलित भुमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुलाई जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा मिति २०७९ आषाढ ३२ गतेको कार्यपालिकाको बैठकबाट कर्मचारीको सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धमा अध्ययन गरी भाद्र मसान्त भित्र प्रतिवेदन पेश गर्न गठन भएको समिति (कार्यदल) को म्याद २०७९ साल असोज १५ गते समम थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र पर्ने विभिन्न नदी खोलाहरुबाट नदीजन्य पदार्थ विकीबाट प्राप्त रकमको सम्बन्धित वडालाई १० प्रतिशत प्रभावित क्षेत्रको विकासका लागि दिदै आएकोमा गत आ.व.मा विकी भई संकलित रकमको आधारमा निम्न अनुसारका योजनाहरु चालु आ.व.मा आय फिर्ता शिर्षकमा रहेको रकमबाट संचालन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

*तपशिल*

१. जलुके कृषि तथा पशु विकास महिला सहकारी अधुरो भवन निर्माण शिनपा ८ रु ३०००००।-

२. वडा कार्यालय ट्रष्ट निर्माण शिनपा ८ रु १५००००।-

३. वडा कार्यालय कम्पाउण्ड निर्माण शिनपा १४ रु ३५००००।-

४. वडा कार्यालय लगायतका संस्थाहरु व्यवस्थापन शिनपा १४ रु १३५०००।-

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घा, अर्घाखाँची
लुम्बिनी प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा चालु आ.व.को कार्यक्रम स्वीकृत हुदा विभिन्न लिफ्ट खानेपानी योजना मोटर मर्मत तथा खरिद शिर्षकमा रकम विनियोजन भएकोमा लिफ्ट खानेपानी योजनाहरुका मोटरहरु विग्रीएमा उक्त रकमबाट बनेसम्म कार्यालयबाट मर्मत गरी दिने र नवनेमा खरिद गरी उपलब्ध गराउने साथै शिनपा ३ बाउन्ने खर्सका लिफ्ट खानेपानी योजनाको मोटर विग्री खरिद गरी रु १,८२,५००।- को विल भुक्तानीको लागि पेश भएकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा शितगंगा नगरपालिका वडा नं. १३ को सिमलपानी प्रहरी चौकी भवन निर्माण गर्न शिनपा १३ निवासी बाबुराम भाट क्षेत्रीले सोही स्थानमा रहेको कित्ता नं. ३२ को क्षेत्रफल ०८५४० वर्ग मिटर मध्यबाट ३ (तीन) रोपनी जग्गा निःशुल्क प्रदान गर्नु हुने भएकोले उक्त जग्गा वसोवास योग्य जग्गा भएकोले कित्ता नं ३२ को क्षेत्रफल ०८५४० बाट कित्ताकाट गरी ३ (तीन) रोपनी जग्गा सिमलपानी प्रहरी चौकी शिनपा १३ का नाममा निःशुल्क रजिष्टेश पास गरी दिन मालपोत कार्यालय अर्घाखाँचीलाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ मा रहेको पर्यटकीय क्षेत्र डमरुदहमा पानी तान्नको लागि २०७६ सालमा कार्यपालिकाको निर्णय अनुसार रकम यस नगरपालिकाले भुक्तानी गर्ने गरी सामुदायिक भवनमा विद्युत मिटर जडान भएकोमा उक्त विद्युतको रु ४५६४०।- भुक्तानीको लागि विद्युत प्राधिकरणको माग पत्र संलग्न राखी समितिका अध्यक्षले निवेदन दिएकोले सो रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

प्रस्ताव नं. २२ माथि छलफल गर्दा विभिन्न शाखा तर्फ एकमुष्ठ रहेको रकम कार्यापालिकाको बैठकमा पेश गरी कार्यपालिकाबाट बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

कार्यपालिकाको बैठक मिति २०७९ साल असोज ३ गते दिनको ३ वजे वस्ने गरी आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न भयो ।